# माछापुच्छ्रे गाउँपालिका
# Machhapuchchhre Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

पत्र संख्या
Letter No.:
चलानी नं.
Dispatch No.:

लाहाचोक, कास्की
Lahachowk, Kaski
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

मितिः २०७८।०५।२९

### १२ औं राष्ट्रिय जनगणना २०७८ सम्बन्धी जरुरी सूचना।

नेपाल सरकार राष्ट्रिय योजना आयोग, केन्द्रिय तथ्याङ्क विभागले प्रत्येक १०/१० वर्षमा सञ्चालन गर्ने राष्ट्रिय जनगणना अभियानको निर्धारित कार्यतालिका अनुसार यस वर्ष सञ्चालन हुन लागेको **१२ औं राष्ट्रिय जनगणना २०७८** को कार्यतालिका सार्वजनिक भैसकेक्रो छ। १२ औं राष्ट्रिय जनगणनाको निर्धारित कार्यतालिका बमोजिम जनगणना कार्यालयबाट खटिएका सुपरिवेक्षकहरु **घर तथा घर परिवार सुचिकरण कार्यका** लागि यहि मिति २०७८ भाद्र ३० गतेका दिन देखि २०७८ असोज १८ गतेसम्म प्रत्येक घरधुरीमा आउँदैछन्। राष्ट्रिय जनगणना कार्यका लागि खटिई आएका कर्मचारिहरुलाई आ-आफ्नो घरपरिवारको विवरण उपलव्ध गराउनु सम्पूर्ण गाउँपालिकावासीको अनिवार्य दायित्व हो। सरकारलाई आवश्यक पर्ने देशको विभिन्न भौगोलिक क्षेत्रमा बसोबास गर्ने जनसंख्या, जातजाती, लिङ्ग, भाषा, धर्म, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको विवरण, अपांगता भएका व्यक्तिहरुको विवरण लगाएत सबै जनसांख्यिक विवरण र आम देशबासीको विभिन्न खालका सेवा सुबिधामा पहुँच साथै सुबिधा वञ्चितिमा परेका जनसंख्याको विवरण समेत राष्ट्रिय जनगणनाबाट प्राप्त हुने गर्दछ। यसर्थ सरकारले आफ्नो भावी निति, कार्यक्रम, योजना तथा देशको समग्र विकासको रणनिती तय गरी गरिबी निवारण र सन्तुलित विकासको खाका कोर्ने मुख्य आधार भनेकै राष्ट्रिय जनगणना बाट प्राप्त तथ्यांक एवं सूचना नै हो। राज्यको संरचनाहरु जस्तै वडा, स्थानीय तह, निर्वाचन क्षेत्र आदिको संख्या निर्धारण साथै स्थानीय तहहरुलाई प्राप्त हुने श्रोत साधन एवं राजश्व बाँडफाँडको मुख्य आधार समेत राष्ट्रिय जनगणना बाट प्राप्त तंथ्यांक नै भएको हुँदा यस महत्वपूर्ण अभियानमा सम्पूर्ण माछापुच्छ्रे गाउँपालिकाबासी तथा यस गाउँपालिकामा स्थायी/अक्सर बसोबास भएका तर हाल विभिन्न कारणले अस्थायी एवं मौसमी रुपमा गाउँपालिका भन्दा अन्यत्र बसोबास गर्नु भएका सम्पूर्ण महानुभावहरुले आफ्नो वडाका जनप्रतिनिधि एवं सम्बन्धित वडा/गणना क्षेत्रमा खटिई आउने जनगणनाका कर्मचारीहरुलाई सम्पर्क गरी आफ्नो स्थायी/अक्सर बसोबास रहेको माछापुछ्रे गाउँपालिकाकै घर ठेगानाबाट कोहि पनि नछुट्ने र कोहि पनि नदोहोरिने गरी आ-आफ्नो घर तथा घरपरिवारको विवरण दर्ता गराउनु भई १२ औं राष्ट्रिय जनगणना २०७८ लाई सफलता पूर्वक सम्पन्न गर्न सहयोग गरिदिनु हुन सम्पुर्ण माछापुच्छ्रे गाउँपालिकावासीहरुलाई हार्दिक अनुरोध गर्दछु ।

नोटः

माछापुच्छ्रे गाउँपालिकामा घर तथा घर परिवार सूचिकरणका लागि खटिईएका सुपरिवेक्षकहरुको विवरणः

| क्र.सं. | नाम थर | गणना क्षेत्र | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | घनश्याम तिमिल्सीना | वडा नं. १ र वडा नं. २ को गणना क्षेत्र नं. १ | ९८४६२१८५४३ | |
| २ | विष्णु पोखरेल | वडा २ को गणना क्षेत्र नं. २ देखि ५ सम्म | ९८५६०८२८६५ | |

| | | | | |
|---|---|---|---|---|
| ३ | शान्ती भुजेल | वडा नं. ३ र वडा नं. ५ को गणना क्षेत्र नं. २ | ९८४६५२८९८५ | |
| ४ | आशिका अधिकारी | वडा नं. ४ | ९८६१२३४८४९ | |
| ५ | कानुन लामिछाने | वडा ५ को गणना क्षेत्र नं. १ र वडा नं. ९ | ९८४६५१९७१९ | |
| ६ | पुष्पा क्षेत्री | वडा नं. ६ | ९८४६०५७८११ | |
| ७ | टेकराज भण्डारी | वडा नं. ७ | ९८४६००२२३० | |
| ८ | शोभा तिवारी | वडा नं. ८ | ९८२४१२७४५९ | |

०८०/५/२९

कर्ण बहादुर गुरुङ्ग
अध्यक्ष
माछापुछ्रे गाउँपालिका, लाहाचोक, कास्की

कर्ण बहादुर गुरुङ
अध्यक्ष